नेपाल सरकार

# जिल्ला विपद् व्यवस्थापन समिति

## सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र सख्या : प्र.०७६/७७

चौतारा

मितिः-२०७६।१०।२९

## प्रेस विज्ञप्ती

यस सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका वडा नं. ३, स्थित गुम्बा भन्ने स्थानमा २०७६।१०।२३ गतेदेखि स्थानीय जनताहरु कोरोना जस्तै लाग्ने रोगबाट पिडित भएका भनि स्थानीय जुगल गाउँपालिका कार्यालयको पत्रको हवाला दिएर संचार माध्यमहरुमा आएको खबरहरुप्रति समितिको गम्भिर ध्यानाकर्षण भएको छ ।सो सम्वन्धमा हालसम्म आधिकारीक रुपमा पुष्टि नभएको र खटिइगएको स्वास्थ्यकर्मीको टोलिले समेत सिजनल फ्लुको शंका गरेकोले थप सत्यता पुष्टि गर्ने प्रयोजनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विशेषज्ञ टोली घटनास्थल तर्फ प्रस्थान गरिसकेको हुँदा उक्त टोलीवाटै आधिकारिक रुपमा पुष्टि हुने व्यहोरा अनुरोध छ । साथै खटिईगएको स्थानीय स्वास्थ्यकर्मीको टोलिबाट सबै विरामीहरुलाई जाँच गरी प्रत्यक्ष निगरानीमा उपचार भइरहेको र मौसम परिवर्तनको अवस्थामा सामान्य रुघाखोकी, ज्वरो आउन सक्ने हुँदा व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनुहुन सर्वसाधारण सवैमा अनुरोध छ ।

उमेश कुमार ढकाल
प्र.जि.अ. एवं अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति
सिन्धुपाल्चोक